फोन नं. ०१०-५४१०८८

गोसाईकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

स्याफ्रुबेंसी, रसुवा

बागमती प्रदेश, नेपाल

प.सं. ०७७/०७८

च.नं. ३५४ (आ.प्र.)

मितिः २०७८/३/१३

विषयः भुक्तानीको लागि फाइल पेश गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा यस गोसाईकुण्ड गाउँ कार्यपालिकाको कार्यालयबाट भुक्तानी हुने र कोष तथा लेखा नियन्त्रक कार्यालय, धुन्चेमा भुक्तानी निकासा पठाई योजनाहरुको भुक्तानी सफ्टवेयर (सिस्टम) द्वारा गरिने कार्यक्रमको सम्बन्धमा आर्थिक वर्षको अन्त्यमा सबै कार्यालयहरुमा भुक्तानीको कार्य अत्यधिक हुने भएको कारण सफ्टवेयर (सिष्टम) ढिलो चल्ने र कतिपय अवस्थामा काम नगर्ने स्थिति उत्पन्न हुने भएकोले भुक्तानी दिने कार्यमा समस्या आउने तथा खर्च नभई बाँकी रहेको सशर्त अनुदान असार २५ गते सम्ममा फिर्ता गर्नुपर्ने साथै आर्थिक वर्ष २०७७/०७८ को लेखाको सम्पूर्ण कारोबार समेत असार मसान्तसम्म बन्द गर्ने हिसाब मिलान समयमै गर्नुपर्ने भएकोले र प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (प्रदेश सांसद कोष कार्यक्रम) तथा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संघ सांसद कोष कार्यक्रम) को कार्यालयबाट भुक्तानीको प्रक्रिया सम्पन्न गरी सम्बन्धित निकायमा पठाई सकेपछि पनि सम्बन्धित उपभोक्ता समितिको खातामा रकम जम्मा हुन दश दिनसम्म लागेको अनुभवबाट देखिन आएकोले प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम र स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको भुक्तानीको लागि असार २० गते भन्दा अगाडि नै र संघ शसर्त, प्रदेश शसर्त, समपूरक अनुदान र विशेष अनुदान लगायत गाउँपालिकाबाट विनियोजित सम्पूर्ण कार्यक्रमको भुक्तानीको लागि फाइल असार २३ गते भन्दा अगाडि नै पेश गर्नु हुन सम्पूर्ण उपभोक्ता समिति र निर्माण व्यवसायीहरुलाई अनुरोध गरिएको छ। तोकिएको समयपछि पेश भएको कागजात उपर कारवाही गर्ने र सिष्टमको कारणले भुक्तानी हुन नसक्ने स्थिति उत्पन्न भएमा त्यसको जवाफदेही गाउँ कार्यपालिकाको कार्यालय नहुने समेत व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

२०७८/३/१३

देवीलाल सापकोटा

प्रमुख प्रशासकीय अधिकृत

देवीलाल सापकोटा

प्रमुख प्रशासकीय अधिकृत